मोदी गाउँपालिका
**Modi Rural Municipality**
गाउँ कार्यपालिकाको कार्यालय
**Office Of Rural Municipal Executive**

पातिचौर,पर्वत
**Patichaur,Parbat**
गण्डकी प्रदेश,नेपाल
**Gandaki Province,Nepal**
☎:०६७-४१०१६४

पत्र संख्या :- २०७७/०७८
**Letter No:- 2077/078**
चलानी नं :- ४६
**Dispatch No:-**

मितिः २०७८/०४/१२

श्री सम्पूर्ण विद्यालयहरु,
मोदी गाउँपालिका, पर्वत ।

विषयः निर्देशन कार्यान्वयन सम्बन्धमा ।

प्रस्तुत विषयमा नयाँ शैक्षिक सत्र सुरु भई भर्ना अवधि समेत समाप्त भएको तर कोभिड-१९ का कारण विद्यार्थीहरुको भौतिक उपस्थितीमा पठनपाठन सञ्चालन गर्न कठिन भईरहेको अवस्थामा पनि विद्यार्थीहरुको सिकाइ प्रकृयालाई वैकल्पिक विधिहरुको प्रयोग गर्दै अगाडि बढाउन पर्ने भएकोले सबै विद्यालयहरुले तपसिल बमोजिमका निर्देशन कार्यान्वयन गर्नु गराउनुहुन अनुरोध छ ।

तपसिलः

१. स्वास्थ्य सुरक्षाको मापदण्ड अनिवार्य रुपमा अवलम्बन गर्दै वैकल्पिक सिकाइ सहजिकरणका उपायहरु अवलम्बन गर्दै सिकाइलाई निरन्तरता दिनुहुन।
२. सिकाइ प्रकृयालाई नियमित गर्नका लागि सम्भव भएसम्म अनलाईन क्लास र घरदैलो कार्यक्रम, टोल शिक्षा, टलिभिजन, टेलिफोन, मोबाईल आदिको माध्यमबाट पनि विद्यार्थीहरुको नजिकमा रहेर विषयगत रुपमा विद्यार्थीहरुलाई सहजिकरण गर्नुहुन ।
३. सबै शिक्षकहरु आ-आफ्नो विद्यालयमा अनिवार्य रुपमा हप्ताको कम्तिमा २ पटक उपस्थित हुने र प्र.अ. को सहयोगमा विद्यार्थीहरुलाई सहजिकरण गर्दै विषयगत रुपमा सबै शिक्षकहरुलाई जिम्मेवार गराउनुहुन।
४. विषयगत शिक्षकहरुले मासिक रुपमा सिकाइ सहजिकरणको अवस्थाको बारेमा अवलम्बन गरिएका विधि, सहजिकरणमा परेका समस्या, समाधानका उपाय तथा थप सुझाव सहितको प्रतिवेदन प्र.अ. समक्ष पेस गर्नुहुन ।
५. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, अभिभावक तथा सरोकारवालाहरुको राय सुझावको आधारमा त्यस ठाउँमा परेको कोभिड-१९ ले पारेको प्रभावलाई समेत मध्यनजर गरी के कसरी विद्यार्थीहरुलाई सहजिकरण गर्न सकिन्छ, त्यस तर्फ पनि ध्यान दिनुहुन ।



किसान बहादुर ...
प्रमुख प्रशासकीय अधिकृत

मोदी गाउँपालिका
**Modi Rural Municipality**
गाउँ कार्यपालिकाको कार्यालय
**Office Of Rural Municipal Executive**

पातिचौर,पर्वत
Patichaur,Parbat
गण्डकी प्रदेश,नेपाल
Gandaki Province,Nepal
☎:०६७-४१०१६४

पत्र संख्या :- २०७७/०७८
Letter No:- 2077/078
चलानी नं :- २६
Dispatch No:-

६. विद्यार्थीहरुलाई वैकल्पिक विधिहरु प्रयोग गर्दै सहजिकरणलाई थप प्रभावकारी बनाउन पालिकाले खेल्नुपर्ने भूमिकाको सन्दर्भमा सुझाव सहित लेखी पठाउनुहुन।

७. विद्यार्थी भर्नाको काम समाप्त भएकोले IEMIS अपडेट गर्नका लागि तयारी अवस्थामा रहनुहुन।

८. ईन्टरनेट जडानका लागि विद्यालयहरुको खातामा रकम जम्मा भईसकेको हुँदा जडान गर्न बाँकी विद्यालयहरुले जडान गरी सो को अबिलम्ब पेश्की फर्छ्यौटका लागि बिल भरपाई पालिकामा पेस गर्नुहुन ।

९. दिवा खाजा र स्वास्थ्य सामग्री खरिदका बिल बुझाउन बाँकी विद्यालयहरुले तुरुन्त छुट्टाछुट्टै फाईलमा बुझाउनुहुन ।

१०. विभिन्न शिर्षकमा विद्यालयको खातामा पठाईएको रकम तत्तत् शिर्षकमा खर्च गरी बिल भरपाईहरु अद्यावधिक गरी राख्नुहुन ।

११. मिति २०७८/०४/०२ गतेको सूचना अनुसारको तलबी प्रतिवेदन विवरण हालसम्म पनि केही विद्यालयहरुले उपलब्ध नगराएकोले अबिलम्ब उपलब्ध गराउनुहुन ।

२०७८/४/१२

किसान बहादुर क्षेत्री
प्रमुख प्रशासकीय अधिकृत